श्री सचिव,
कृषि विकास मन्त्रालय ।

बाली तथा पशुधन बीमाको प्रिमियममा अनुदान उपलब्ध गराउने निर्देशिका, २०७० को (पहिलो संशोधन) २०७१ स्वीकृत गर्ने विषयको कृषि विकास मन्त्रालयको नं. ६/१३-०७१/५/२० को प्रस्ताव मं.प.बै.सं. २६।०७१ मिति २०७१।५।२६ को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा त्यसमा नेपाल सरकार, मन्त्रिपरिषद्ले देहायबमोजिम निर्णय गरेकाले सोबमोजिम कार्यान्वयन हुन नेपाल सरकार (कार्यसम्पादन) नियमावली, २०६४ को नियम २९ बमोजिम अनुरोध गरेकोछु —

नेपाल सरकारको निर्णय —

"प्रस्तावमा लेखिएबमोजिम गर्ने ।"

(लीलामणि पौडयाल)
मुख्यसचिव
२०७१।५।२६

६/१३
०७१/५/२०

नेपाल सरकार
कृषि विकास मन्त्रालय

विषयः बाली तथा पशुधन बीमाको प्रिमियममा अनुदान उपलब्ध गराउने निर्देशिका, २०७० को (पहिलो संशोधन) २०७१ स्वीकृत गर्ने ।

प्रस्ताव पेश गर्न विभागीय मन्त्रीबाट स्वीकृत मितिः २०७१।५।१९

१. विषयको संक्षिप्त व्यहोराः
नेपाल सरकार, अर्थ मन्त्रालयको आर्थिक बर्ष २०७१/७२ को बजेट बक्तव्यको बुँदा नं. ८१ मा पशुपंक्षी तथा बाली बीमाको प्रिमियममा ७५ प्रतिशतसम्म अनुदान दिन रु. ६ करोड विनियोजन भएको । नेपाल सरकार (मन्त्रिपरिषद्) बाट स्वीकृत "बाली तथा पशुधन बीमाको प्रिमियममा अनुदान उपलब्ध गराउने निर्देशिका, २०७०" को दफा ८ (ग) मा उल्लेख भएको बीमा प्रिमियम अनुदान स्कीम अन्तर्गत प्रति बीमाङ्कको अधिकतम सीमा रु. १ करोड सम्मको मात्र हुनेछ भन्ने प्रावधानको कारण व्यवसायिक कृषकहरु यस कार्यक्रम प्रति आकर्षित नभएको ।

२. प्राप्त परामर्श तथा अन्य प्रासङ्गिक कुराः
नेपाल सरकार, अर्थ मन्त्रालयले जारी गरेको आर्थिक बर्ष २०७१/७२ को बजेट बक्तव्यको बुँदा नं. ८१ मा पशुपंक्षी तथा बाली बीमाको प्रिमियममा ७५ प्रतिशतसम्म अनुदान दिने व्यबस्था भएको। यस मन्त्रालयबाट स्वीकृत निर्देशिकाको दफा ८ (ग) मा उल्लेख भएको प्रावधान संशोधन गर्न अर्थ मन्त्रालयसँग सहमति माग गरिएकोमा अर्थ मन्त्रालय, बजेट तथा कार्यक्रम महाशाखाको च.नं. १४६९ मिति २०७१/२/१२ सहमति प्राप्त भएको । सो पत्र सलग्न छ ।

३. प्रस्ताव पेश गर्नु पर्नाको कारण र मन्त्रालयको सिफारिसः
नेपाल सरकार, अर्थ मन्त्रालयको आर्थिक बर्ष २०७१/७२ को बजेट बक्तव्यको बुँदा नं. ८१ मा पशुपंक्षी तथा बाली बीमाको प्रिमियममा ७५ प्रतिशतसम्म अनुदान दिन रु. ६ करोड विनियोजन भएकोले बजेट विनियोजन भए अनुसारको कार्यक्रम कार्यान्वयन गर्न बाली तथा पशुधन बीमाको प्रिमियममा अनुदान उपलब्ध गराउने निर्देशिका, २०७० मा संशोधन गर्नु पर्ने देखिएको हुँदा संशोधन गर्नु पर्ने दफा उप दफाको तीन महले संशोधन प्रस्ताव र बाली तथा पशुधन बीमाको प्रिमियममा अनुदान उपलब्ध गराउने निर्देशिका, २०७० को (पहिलो संशोधन) २०७१ नेपाल सरकार (मन्त्रिपरिषद्) पेश गर्न विभागीय मन्त्रीबाट मिति २०७१।५।१९ मा स्वीकृति प्राप्त भएकोले नेपाल सरकार (कार्य सम्पादन) नियमावली २०६४ को अनुसूची १ विषय संख्या ४१ बमोजिम यो प्रस्ताव पेश गरिएको छ ।

४. निर्णय हुनु पर्ने व्यहोराः
बाली तथा पशुधन बीमाको प्रिमियममा अनुदान उपलब्ध गराउने निर्देशिका, २०७० को (पहिलो संशोधन) २०७१ स्वीकृत गर्ने ।

मितिः २०७१/५/१९

(जय मुकुन्द खनाल)
सचिव

नेपाल सरकार

कृषि विकास मन्त्रालय

सिंहदरबार

बिषयः बाली तथा पशुधन बीमाको प्रिमियममा अनुदान उपलब्ध गराउने निर्देशिका, २०७० को (पहिलो संशोधन) २०७१ स्वीकृत गर्ने ।

प्रस्ताव पेश गर्ने विभागीय मन्त्रीबाट स्वीकृत मितिः २०७१।५।१९

१. <u>विषयको संक्षिप्त व्यहोराः</u>

नेपाल सरकार, अर्थ मन्त्रालयको आर्थिक बर्ष २०७१/७२ को बजेट वक्तव्यको बुँदा नं. ८१ मा पशुपंक्षी तथा बाली बीमाको प्रिमियममा ७५ प्रतिशतसम्म अनुदान दिन रु. ६ करोड विनियोजन भएको । नेपाल सरकार (मन्त्रिपरिषद्) बाट स्वीकृत "बाली तथा पशुधन बीमाको प्रिमियममा अनुदान उपलब्ध गराउने निर्देशिका, २०७०" को दफा ८ (ग) मा उल्लेख भएको बीमा प्रिमियम अनुदान स्कीम अन्तर्गत प्रति बीमाङ्कको अधिकतम सीमा रु. १ करोड सम्मको मात्र हुनेछ भन्ने प्रावधानको कारण व्यवसायिक कृषकहरु यस कार्यक्रम प्रति आकर्षित नभएको ।

२. <u>प्राप्त परामर्श तथा अन्य प्रासङ्गिक कुराः</u>

नेपाल सरकार, अर्थ मन्त्रालयले जारी गरेको आर्थिक बर्ष २०७१/७२ को बजेट वक्तव्यको बुँदा नं. ८१ मा पशुपंक्षी तथा बाली बीमाको प्रिमियममा ७५ प्रतिशतसम्म अनुदान दिने व्यवस्था भएको। यस मन्त्रालयबाट स्वीकृत निर्देशिकाको दफा ८ (ग) मा उल्लेख भएको प्रावधान संशोधन गर्न अर्थ मन्त्रालयसँग सहमति माग गरिएकोमा अर्थ मन्त्रालय, बजेट तथा कार्यक्रम महाशाखाको च.नं. १४[illegible] मिति २[illegible]/१२ सहमति प्राप्त भएको । सो पत्र सलग्न छ ।

३. <u>प्रस्ताव पेश गर्नु पर्नाको कारण र मन्त्रालयको सिफारिसः</u>

नेपाल सरकार, अर्थ मन्त्रालयको आर्थिक बर्ष २०७१/७२ को बजेट वक्तव्यको बुँदा नं. ८१ मा पशुपंक्षी तथा बाली बीमाको प्रिमियममा ७५ प्रतिशतसम्म अनुदान दिन रु. ६ करोड विनियोजन भएकोले बजेट विनियोजन भए अनुसारको कार्यक्रम [illegible] गर्न बाली तथा पशुधन बीमाको प्रिमियममा अनुदान उपलब्ध गराउने निर्देशिका, २०७० मा संशोधन गर्नु पर्ने देखिएको हुँदा संशोधन गर्नु पर्ने दफा उप दफाको तीन महले संशोधन प्रस्ताव र बाली तथा पशुधन बीमाको प्रिमियममा अनुदान उपलब्ध गराउने निर्देशिका, २०७० को (पहिलो संशोधन) २०७१ नेपाल सरकार (मन्त्रिपरिषद्) पेश गर्न विभागीय मन्त्रीबाट मिति २०७१।५।१९ मा स्वीकृति प्राप्त भएकोले नेपाल सरकार (कार्य सम्पादन) नियमावली २०६४ को अनुसूची १ विषय संख्या ४१ बमोजिम यो प्रस्ताव पेश गरिएको छ ।

४. <u>निर्णय हुनु [illegible] व्यहोराः</u>

बाली तथा पशुधन बीमाको प्रिमियममा अनुदान उपलब्ध गराउने निर्देशिका, २०७० को (पहिलो संशोधन) २०७१ स्वीकृत गर्ने ।

मितिः २०७१/५/१९

(जय मुकुन्द खनाल)

सचिव

## बाली तथा पशुधन बीमाको प्रिमियममा अनुदान उपलब्ध गराउने निर्देशिका, २०७० को (पहिलो संशोधन) २०७१

| मौज्जुदा व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधन गर्नु पर्ने कारणहरु |
|---|---|---|
| प्रस्तावनाः कृषि तथा पशुपालन व्यवसायमा भएका जोखिमहरु कम गरी ती व्यवसाय तर्फ कृषकहरुलाई आकर्षण गर्न र कृषि क्षेत्रमा निजी तथा सहकारी क्षेत्रको लगानी बढाउन र लगानी सुरक्षित गर्न आवश्यक भएकोछ । यो आवश्यकतालाई सम्बोधन गर्न नेपाल सरकारको शासकीय तथा आर्थिक सुधारको तत्कालीन कार्ययोजना, २०६९ को कृषि क्षेत्र विकास सम्बन्धी बुँदा नं. ११ मा माछा, पशुपंक्षी र कृषि उपजको व्यवसायिक उत्पादनमा जोखिम बीमा गरिदिने र सो बीमाको ५० प्रतिशत अनुदान सरकारले दिने भनि उल्लेख हुनुका साथै नेपाल सरकार, अर्थ मन्त्रालयले जारी गरेको आर्थिक बर्ष २०६९/७० को आय-व्ययको सार्वजनिक जानकारी वक्तव्यको बुँदा नं. ३० मा समेत "कृषिको व्यवसायीकरणका लागि जोखिम न्यूनीकरण गरी कृषकले माछा, पशुपंक्षी र कृषि उपजमा गरेको लगानीलाई सुरक्षित गर्न २०६९ माघ १ गते देखि लागु भएको माछा, पशुपंक्षी र बाली बीमा कार्यक्रममा सहभागी कृषकहरुले तिरेको बीमा प्रिमियमवापतको ५० प्रतिशत रकम नेपाल सरकारले व्यहोर्ने गरी बजेट विनियोजन भए अनुसारको कार्यक्रम कार्यान्वयन गर्न वाञ्छनिय भएकोले सुशासन (व्यवस्थापन र सञ्चालन) ऐन, २०६४ को दफा ४५ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले यो निर्देशिका स्वीकृत गरी लागु गरेको छ । | मुल निर्देशिकाको प्रस्तावनामा देहाय बमोजिम संशोधन गरिएको छ ।<br>बीमा प्रिमियमवापतको ५० अंकको सट्टा ७५ अंक राखी सशोधन गरिएको छ । | नेपाल सरकार, अर्थ मन्त्रालयको आर्थिक बर्ष २०७१/७२ को बजेट बक्तव्यको बुँदा नं. ८१ मा पशुपंक्षी तथा बाली बीमाको प्रिमियममा ७५ प्रतिशतसम्म अनुदान दिने व्यवस्था मिलाएको छु भन्ने कार्यक्रम कार्यान्वयन गर्न जरुरी भएकोले । |
| १. संक्षिप्त नाम र प्रारम्भः (ख) यो निर्देशिका नेपाल सरकारबाट स्वीकृत भएको मितिबाट लागु हुनेछ । | मुल निर्देशिकाको दफा १ को (ख) मा देहाय बमोजिम संशोधन गरिएको छ ।<br>यो संशोधित निर्देशिका २०७१ श्रावण १ गते देखि | |

नेपाल सरकार
कृषि विकास मन्त्रालय
सिंहदरबार

| मौज्जुदा व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधन गर्नु पर्ने कारणहरु |
| --- | --- | --- |
| | लागू हुनेछ । | |
| ४.बाली तथा पशुधन बीमा कोष व्यवस्थापन समितिः<br>(च) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-<br>(३) बाली तथा पशुधन बीमा गर्ने कम्पनीलाई बीमा प्रिमियमको ५० प्रतिशत सम्म रकम अनुदान उपलब्ध गराउन व्यवस्था मिलाउने । | मुल निर्देशिकाको दफा ४ को (च) ३ मा देहाय बमोजिम संशोधन गरिएको छ ।<br>कम्पनीलाई बीमा प्रिमियमको ५० अंकको सट्टा ७५ अंक राखी संशोधन गरिएको छ । | " |
| ८. बीमा प्रिमियम अनुदान उपलब्ध गराउने प्रक्रियाः बीमाङ्कको प्रिमियममा अनुदान उपलब्ध गराउँदा देहाय बमोजिमको प्रक्रिया अपनाउनु पर्नेछः-<br>(ग) उप दफा (ख) अनुसार प्राप्त निवेदनको आधारमा बाली तथा पशुधनको बीमा सम्बन्धित बीमा कम्पनीले गर्नेछन् । यसरी बीमा गरिने बाली तथा पशुधनको कूल बीमा प्रिमियम रकमको ५० प्रतिशत रकम बीमीतले तिर्नु पर्नेछ र बीमीतले बीमा प्रिमियम रकम तिरेको मितिबाट नै बीमा लेख जारी भएको मानिनेछ । हाललाई बीमा प्रिमियम अनुदान स्कीम अन्तर्गत प्रति बीमाङ्कको अधिकतम सीमा रु. १ करोड सम्मको मात्र हुनेछ, | मुल निर्देशिकाको दफा ८ (ग) को सट्टा देहाय बमोजिम ८ (ग) कायम गरिएको छ ।<br>उप दफा (ख) अनुसार प्राप्त निवेदनको आधारमा बाली तथा पशुधनको बीमा सम्वन्धित बीमा कम्पनीले गर्नेछ । यसरी बीमा गिरने बाली तथा पशुधनको कूल बीमा प्रिमियम रकमको २५ प्रतिशत रकम बीमितले तिर्नु पर्नेछ र बीमितले बीमा प्रिमियम रकम तिरेको मितिबाट नै बीमा लेख जारी भएको मानिनेछ । | अर्थ मन्त्रालय, बजेट तथा कार्यक्रम महाशाखाको पत्र संख्या ३१२०११ च.नं. १४६९ मिति २०७१/२/१२ पत्रबाट नेपाल सरकार (मा.अर्थ मन्त्री स्तर) निर्णयानुसार प्राप्त सहमति पत्र । |
| दफा ८ को (घ) बाली तथा पशुधन बीमा गर्ने बीमा कम्पनीले बाँकी ५० प्रतिशत प्रिमियम रकम बाली तथा पशुधन बीमा कोषबाट भुक्तानी लिनु पर्नेछ । | मुल निर्देशिकाको दफा ८ (घ) मा देहाय बमोजिम संशोधन गरिएको छ ।<br>दफा ८ (घ) मा ५० अंको सट्टा ७५ अंक राखी संशोधन गरिएको छ । | नेपाल सरकार, अर्थ मन्त्रालयको आर्थिक बर्ष २०७१/७२ को बजेट बक्तव्यको बुँदा नं. ८१ मा पशुपंक्षी तथा बाली बीमाको प्रिमियममा ७५ प्रतिशतसम्म अनुदान दिने व्यवस्था मिलाएको छ भन्ने कार्यक्रम कार्यान्वयन गर्न जरुरी भएकोले । |

नेपाल सरकार
कृषि विकास मन्त्रालय
सिंहदरबार

बाली तथा पशुधन बीमाको प्रिमियममा अनुदान उपलब्ध गराउने निर्देशिका, २०७०
को (पहिलो संशोधन) २०७१

१ मुल निर्देशिकाको प्रस्तावनामा देहाय बमोजिम संशोधन गरिएको छ ।

बीमा प्रिमियमवापतको ५० अंकको सट्टा ७५ अंक राखी सशोधन गरिएको छ ।

२ मुल निर्देशिकाको दफा १ को (ख) मा देहाय बमोजिम संशोधन गरिएको छ ।

यो संशोधित निर्देशिका २०७१ श्रावण १ गते देखि लागू हुनेछ ।

३ मुल निर्देशिकाको दफा ४ को (च) ३ मा देहाय बमोजिम संशोधन गरिएको छ ।

कम्पनीलाई बीमा प्रिमियमको ५० अंकको सट्टा ७५ अंक राखी संशोधन गरिएको छ

४ मुल निर्देशिकाको दफा ८ (ग) को सट्टा देहाय बमोजिम ८ (ग) कायम गरिएको छ ।

उप दफा (ख) अनुसार प्राप्त निवेदनको आधारमा बाली तथा पशुधनको बीमा सम्वन्धित बीमा कम्पनीले गर्नेछ । यसरी बीमा गिरने बाली तथा पशुधनको कूल बीमा प्रिमियम रकमको २५ प्रतिशत रकम बीमितले तिर्नु पर्नेछ र बीमितले बीमा प्रिमियम रकम तिरेको मितिबाट नै बीमा लेख जारी भएको मानिनेछ ।

५ मुल निर्देशिकाको दफा ८ (घ) मा देहाय बमोजिम संशोधन गरिएको छ ।

दफा ८ (घ) मा ५० अंको सट्टा ७५ अंक राखी संशोधन गरिएको छ ।

नेपाल सरकार
कृषि विकास मन्त्रालय
सिंहदरबार